


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन ७ गते शनिबार ❑ 19 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## एमसिसीमा दलहरुबीच अझै भएन मतैक्यता, संसदमा बहसको माग

**रासस**
**काठमाडौं, ६ फागुन**

प्रमुख राजनीतिक दलकाबीचमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) का बारेमा मतैक्यता कायम हुन सकेको छैन।

प्रधानमन्त्री निवास बालुवाटारमा सत्तागठबन्धन दलका बीचमा शुक्रबार बिहान भएको छलफल पनि कुनै निष्कर्षमा पुग्न सकेन । बैठक पुनःआइतबार बस्नेगरी स्थगन भएको छ । दलहरूबीचका सहमति कायम हुन नसक्दा प्रतिनिधिसभाको बैठकसमेत सामान्य कार्यसूचीमा मात्रै सीमित भयो । प्रमुख प्रतिपक्षी दल नेकपा(एमाले)का सांसदहरूको अवरोध र नाराबाजीका कारण लामो समयदेखि सङ्घीय संसद्को बैठक लामो समयदेखि महत्वपूर्ण कार्यसूचीमा प्रवेश गर्न सकेको छैन । दलहरूकाबीचमा एमसिसीलाई हेर्ने विषयमा तीव्र मतभेद छ । सत्ताको नेतृत्वकर्ता दल नेपाली कांग्रेसले नेपालको गरिबी निवारण र आर्थिक समृद्धिसँग जोडिएको परियोजना तत्काल अगाडि बढाउनुपर्ने पक्षमा छ । कूल ३१२ किलोमिटर लामो ४०० केभी क्षमताको डबल सर्किट प्रसारण लाइन र सडक पूर्वाधारको विकासका सन्दर्भका धेरै राजनीति भएको भन्दै अब धेरै पर्खन नसकिने धारणा राख्दै आएको छ।

सरकारको साझेदार दल नेकपा(माओवादी केन्द्र)ले नागरिकस्तरमा एमसिसी सम्झौताका सन्दर्भमा अनेकन टिप्पणी भएको पाइएकाले केही विषयमा संशोधन गरेर अगाडि जाँदा राम्रो हुने मत राख्दै आएको छ । माओवादी अध्यक्ष प्रचण्डले स्पष्ट शब्दमा नै अमेरिका नेपालको राम्रो सम्बन्ध भएको मित्रराष्ट्र भएकाले सहयोग नलिने भन्ने प्रश्न नै नरहेको र जनतामा उठेका केही जिज्ञासाको वस्तुनिष्ठ सम्बोधन समाधान हुनुपर्ने बताउँदै आउनुभएको छ।

यस्तै, धारणा नेकपा(एकीकृत समाजवादी)को पनि छ । सङ्घीय संसद् भवनमा सञ्चारकर्मीसँग कुरा गर्दै पूर्वप्रधानमन्त्री समेत रहनुभएका नेता खनालले सम्झौताका केही प्रावधानमा आम मानिसमा प्रश्न उठेकाले ती विषयमा सम्बोधन हुनुपर्ने बताउनुभयो। उहाँले प्रतिनिधिसभामा हरेक सांसदले एमसिसीका सन्दर्भमा आफ्नो मत राख्न पाउने अधिकार रहेको र आफूले समेत यस विषयमा पाँच घण्टासम्म छलफलमा भाग लिने इच्छा भएको बताउनुभयो।

पूर्वप्रधानमन्त्री खनालले सम्झौता करारसम्बन्धी विषय भएकाले संसद्मा आउनुनपर्ने आएको तथा नागरिकस्तरमा समेत प्रश्न उठेकाले सङ्घीय संसद्मा प्रभावकारी छलफलको आवश्यकता औँल्याउँदै त्यसमा सबै दलको सहमति आवश्यक रहेको तथा संसद्मा एमालेले गरिरहेको अवरोधसमेत अन्त्य हुनुपर्ने उल्लेख गर्नुभयो । संघीय संसद् भवनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै कांग्रेस महामन्त्री गगन थापाले संकल्प प्रस्ताव पारित गरेर भए पनि एमसिसी अगाडि बढाउने बारेमा आफूले प्रस्ताव राखेको जानकारी दिनुभयो । एमसिसीसम्बन्धी सम्झौतामा नै सरकारले जानकारी दिएर ३० दिनमा खारेज गर्ने प्रावधानसमेत भएकाले अहिले यसलाई पारित गरेर कार्यान्वयनमा लैजाने र त्यसका लागि संकल्प प्रस्तावमार्फत सम्बोधन गर्न सकिने नेता थापाको भनाइ छ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र तत्कालीन अर्थमन्त्री सुरेन्द्र पाण्डेको कार्यकालमा सुरु भएको परियोजनामा सबै जसो पूर्वप्रधानमन्त्री जोडिनु भएकाले यसमा अब ढिलाई गर्न नहुने नेता थापाको भनाइ छ। नेपालको ऊर्जा तथा यातायात क्षेत्रको विकासका लागि एमसिसीले करिब रु ५५ अर्ब अनुदान सहायता उपलब्ध गराउनेछ । उक्त अनुदान सहायता आर्थिक उन्नतीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने, विद्युत् प्रसारण लाइन निर्माणमा र सडक मर्मतमा खर्च हुने र नेपालको दिगो विकासमा सहयोग गर्नेछ। विद्युत् प्रसारण लाइन परियोजनाअन्तर्गत ४०० केभी क्षमताको ३१२ किलोमिटर लामो उच्च क्षमताको प्रसारण लाइन निर्माण भई गुणस्तरीय पूर्वाधारको विकास हुनेछ। काठमाडौँ उपत्यकालगायत प्रमुख शहरको विद्युत् प्रसारण लाइनमार्फत बिजुली आपूर्तिको विश्वसनीयताको सुनिश्चितता हुनेछ । त्यसबाट विद्युत् खपतमा वृद्धि भई विद्युत् उत्पादनतर्फ थप लगानी आकर्षित हुनेछ । एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्ले २०७५ माघ २५ गते सरकार र अमेरिकी सहयोग निकाय एमसिसीबीच भएको अनुदान सम्झौतालाई अनुमोदन गर्नका लागि नेपाल सन्धी ऐन, २०४७ को दफा ४ को व्यवस्था बमोजिम सङ्घीय संसद्मा पेश गर्न अर्थ मन्त्रालयलाई स्वीकृति दिएको थियो । तत्कालीन अर्थमन्त्री डा युवराज खतिवडाले संघीय संसदमा पेश गर्नुभएको प्रस्तावमा प्रतिनिधिसभा नियमावली, २०७५ को निमय २३० बमोजिम प्रतिनिधिसभाको साधारण बहुमतबाट सम्झौता अनुमोदन गर्नका लागि संसद् समक्ष पेश गर्नुभएको थियो । नेपाल सरकार र एमसिसीबीच २०७४ भदौ २९ गते मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौता भएको थियो।

कांग्रेस महामन्त्री थापाका अनुसार एमसिसीको हरेक प्रक्रियामा नेपालमा धेरै जसो पूर्वप्रधानमन्त्री सहभागी भएकाले राष्ट्रिय हितका लागि पनि यसको अनुमोदन जरुरी छ। उहाँले संसद्मा हरेक सांसदले यस विषयमा आफ्नो धारणा राखेर छलफल गर्नुपर्ने र अब एउटा निष्कर्षमा पुग्नैपर्ने बताउनुभयो । त्यसो त कांग्रेसका पूर्वमहामन्त्री शंशाक कोइरालाले अब प्रधानमन्त्री शेरबहादुर देउवाले एमसिसी पारित गर्ने वा गठबन्धन के जोगाउने दुई वटा विकल्प मात्रै बाँकी रहेको बताउनुभयो । उहाँले एमसिसीले दिने अनुदान नेपालका लागि आवश्यक रहकाले संसद्बाट पारित गराउनु उपयुक्त हुने उल्लेख गर्नुभयो । एमसिसीमा अमेरिकाको भन्दा पनि नेपालको स्वार्थ रहेकाले अनुदान स्वीकार्नुको विकल्प नभएको उहाँको भनाइ छ।

## दुम्कीवास त्रिवेणी सडकका लागि बजेट अभाव हुँदैन : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लामो समयको अवरोध चिर्दै दुम्कीवास त्रिवेणी सडक खण्ड खुल्न लागेको भन्दै यसले नवलपुर मात्र होइन समग्र गण्डकी प्रदेशकै आर्थिक विकासको ढोका खोल्ने बताएका छन्।

शुक्रबार विनयी त्रिवेणी गाउँपालिकामा आयोजित कार्यक्रममा उनले प्रदेश सरकार स्थापनादेखि नै उक्त मार्ग खोल्न प्रयास भए पनि अहिले आएर प्रक्रिया अगाडि बढेको सुनाए । संघको वन तथा वातावरण मन्त्रालयमा माघ १७ गते मुख्यमन्त्री आफै पुगेर पहल गरेपछि फाइल अगाडि बढेको थियो । डिपिआरको काम अब सुरु भइहाल्ने भन्दै निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले युनेस्कोले पनि छिटै यसको निकास दिने विश्वास व्यक्त गरे । गण्डकी प्रदेशको 'लाइफलाइन' मानिएको त्रिवेणी कोरला सडकको त्रिवेणी दुम्कीवास खण्ड १९ किलोमिटरमध्ये ८ किलोमिटर खण्ड चितवन राष्ट्रिय निकुन्जको केही भाग र मध्यवर्ती क्षेत्र पर्ने भएकाले काम अगाडि बढ्न सकेको थिएन । चितवन राष्ट्रिय निकुन्ज विश्व सम्पदा सूचीमा सूचीकृत भएकाले त्यहाँ विकासको कामका लागि युनेस्कोको स्वीकृत लिनुपर्ने हुन्छ । मुख्यमन्त्री पोखरेलले दुम्किबासदेखि त्रिवेणी जोड्न बाटोको लागि रकमका लागि कुनै अभाव नहुने पनि बताए । उनले भने, 'प्रदेशले पनि यसका लागि बजेटको प्रबन्ध गर्छ, संघ सरकारले पनि यसका लागि पर्याप्त बजेट छ भनेको छ, तपाईहरु अब ढुक्क हुनुहोस ।' उनले भने, 'सुरुङ मार्ग वा फ्लाइ ओभर के बनाउने अध्ययनपछि टुंगो लाग्ने छ ।' यो खर्चिलो भए पनि बहुवर्षेमा लगेर काम हुन्छ ।'

मुख्यमन्त्रीसहित अर्थमन्त्री रामजीप्रसाद बराल जीवन, प्रमुख सचिव रवीलाल पन्थ, अर्थ सचिव वैकुन्ठ अर्यालसहितको टोलीले दुम्कीवास त्रिवेणी खण्डको बाटो अवलोकन गरेका छन् । टोलीमा प्रदेश सभा सदस्य विष्णु लामिछाने, ओमकला गौतम, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोला सहभागी थिए।

अवलोकनपछि गाउँपालिकाका कार्यालयमा आयोजित कार्यक्रममा पालिका अध्यक्ष डम्बरबहादुर जिसीले उत्तरमा पाल्पादेखि दक्षिणमा भारतको नाकासम्म फैलिएको विनयी त्रिवेणी गाउँपालिका विकासमा प्रदेश सरकारले विशेष ध्यान दिन आग्रह गरे । उक्त अवसरमा पालिका उपाध्यक्ष मीनाकुमारी राना, वडा नम्बर २ का वडाध्यक्ष विष्णुप्रसाद ढकाल, प्रमुख प्रशासकीय अधिकृत ज्योतिराज अर्यालले पालिकाका समस्याका बारेमा भनाइ राखेका थिए । मुख्यमन्त्री पोखरेलले उक्त पालिकाको दुम्कीवासमा निर्माण सम्मन्न भएको भानुदय नमुना माविको विज्ञान प्रयोगशाला भवनको शुक्रबार नै उद्घाटन गरेका छन्।

## विश्वकप ग्लोबल क्रिकेट छनोट : नेपालद्वारा ओमान पराजित

**रासस**
**काठमाडौं, ६ फागुन**

आइसिसी पुरुष टी-२० विश्वकप ग्लोबल छनोटअन्तर्गत समूह 'ए' को पहिलो खेलमा नेपालले ओमानलाई पराजित गरेको छ।

ओमानको मस्कटस्थित अल अमरेत क्रिकेट एकेडेमीमा आज भएको खेलमा नेपालले घरेलु टोली ओमानलाई ३९ रनले पराजित गर्दै प्रतियोगितामा उत्कृष्ट सुरुआत गरेको हो । कप्तान सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी र कमलसिंह ऐरीको उत्कृष्ट बलिङको मद्दतमा नेपालले ओमानमाथि सहज जित निकालेको हो । एक सय १८ रनको विजयी लक्ष्य पछ्याएको ओमान १७ ओभरमा सबै विकेट गुमाउँदै ७८ रनमा समेटियो। ओमानका नसिम शुखीले सर्वाधिक २४ रन बनाए भने आमिर कलिमले ९, जतिन्दर सिंहले ९, खवर अलीले ७, फैज बटले ६, कलिमुल्लाहले ५, अयान खानले ३, जिसन मक्सुदले २ र सोएब खानले १ रन बनाए। बलिङतर्फ नेपालका कमलसिंह ऐरीले सर्वाधिक तीन विकेट लिए भने कप्तान सन्दीप लामिछाने र दीपेन्द्रसिंह ऐरीले दुई-दुई विकेट लिए। त्यसैगरी अविनाश बोहरा र जीतेन्द्र मुखियाले एक-एक विकेट हात पारे । त्यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ११७ रन बनाएको थियो। नेपालका आरिफ शेखले ३७ बलमा २ चौकासहित सर्वाधिक ३८ रनको योगदान दिए । कप्तान सन्दीप लामिछाने ७ बलमा १ चौका र १ छक्कासहित १६ रनमा अविजित रहे । यस्तै लोकेश बमले १६, ज्ञानेन्द्र मल्लले १५, दीपेन्द्रसिंह ऐरीले ११, विवेक यादवले ७, कुशल भुर्तेलले ५, आशिफ शेखले ४ तथा कमलसिंह ऐरीले १ रन बनाए । ओमानका खवर अलीले सर्वाधिक ३ विकेट हात पारे । त्यस्तै विलाल खानले दुई तथा फैज बट, जिसन मक्सुदले एक-एक विकेट लिए। नेपालले दोस्रो खेल शनिबार फिलिपिन्ससँग खेल्नेछ।

## पोखराको पर्यटन प्रवर्द्धनमा सहयोगी बन्दै म्याराथन दौड

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

पोखराको पर्यटन प्रवर्द्धनमा यहाँ सञ्चालन हुँदै आएको 'सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन' सहयोगी बन्दै आएको छ । नेपाल भूतपूर्व खेलाडी मञ्चले बर्सेनी फागुनको पहिलो शनिबार सो प्रतियोगिता आयोजना गर्दैआएको छ।


प्रतियोगितामा भाग लिन देशका विभिन्न ठाउँबाट धावक आउने गर्छन् । केही वर्षयता विदेशी धावक सहभागी बन्न थालेपछि यसको महत्व चुलिँदै गएको छ । हिमशृङ्खला, हरियाली पहाड, तालतलैयाजस्ता प्राकृतिक छटालाई नियाल्न खेलाडी दौडमा सहभागी बन्ने गरेका छन् । प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखरालाई विश्वसामु दौडको सहरका रूपमा चिनाउन म्याराथन आयोजना गर्दै आएको भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष हरिप्रसाद पराजुली बताउनुहुन्छ।

"पोखरालाई खेलकुदको माध्यमबाट विश्व मानचित्रमा स्थापित गर्न म्याराथन दौड आयोजना गर्दैआएका छौँ", उहाँले भन्नुभयो । प्रतियोगिता १६ औँ संस्करणसम्म आइपुगेको छ । यसपटक विजेताले रु चार लाख पुरस्कार प्राप्त गर्नेछन् । यो गत वर्षको तुलनामा दोब्बर हो । प्रतियोगितालाई सुजल डेरीको मुख्य उत्पादन सफल दूधले मुख्य प्रायोजन गरेको छ। प्रतियोगितामा दोस्रो हुनेलाई रु दुई लाख, तेस्रोले रु एक लाख तथा सान्त्वनातर्फ रु ३० हजार पुरस्कारको व्यवस्था छ।




शनिबार पोखरा रङ्गशालामा गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रतियोगिताको शुभारम्भ गर्नुहुने छ। पृथ्वीचोक, मुस्ताङचोक, विरौटा, छोरेपाटन भइ पुनः विरौटा हुँदै राष्ट्र बैंक चोक, लेकसाइड, डिहिको पाटन, सभागृह चोक, नयाँ सडक, हरिचोक, केआइसिंह पुल, नारायणस्थान, फूलबारी, पुरानोधारा, चाउथे, बलभद्र मावि, रामबजार भएर रङ्गशालामा आएर दौड समापन हुने मञ्चका महासचिव कृष्ण तिमिल्सिनाले जानकारी दिनुभयो । प्रतियोगितामा १७ जिल्ला, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी १४८ तथा भारत, केन्या, फ्रान्स, ओमन, आयरल्याण्ड र अमेरिकाका गरी १४ धावक सहभागी हुने बताइएको छ । महिला हाफ म्याराथनमा ३९ खेलाडी सहभागी हुने तिमिल्सिनाले बताउनुभयो । प्रथमलाई रु एक लाख, द्वितीयलाई रु ७५ हजार, तृतीयलाई रु ५० हजार र सान्त्वनातर्फ रु १५ हजारको व्यवस्था छ । म्याराथनको कूल पुरस्कार राशि रु १२ लाख ६ हजार छ । गत वर्ष सो राशि रु आठ लाख दुई हजार थियो।

पोखरेली मञ्च बेलायतका अध्यक्ष मनप्रसाद गुरुङसहितको टोलीले प्रतियोगिताका लागि सङ्कलन गरिएको रु पाँच लाखको चेक मञ्चका अध्यक्ष पराजुलीलाई हस्तान्तरण गर्नुभयो। प्रतियोगिताकोविजेतालाईबेलायतको म्याराथनमा सहभागी गराइने गुरुङ बताउनुहुन्छ । विसं २०५८ मा स्थापना भएको मञ्चले आयोजना गरेको म्याराथन प्रतियोगितालाई गण्डकी प्रदेश सरकार, प्रदेश युवा तथा खेलकुद मन्त्रालय, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, प्रदेश खेलकुद परिषद्, कृषि विकास बैंक, नेपाल पर्यटन बोर्ड, पोखरा पर्यटन परिषद्लगायत सङ्घसंस्था र व्यक्तिको सहयोग गरेका छन् । प्रतियोगितालाई सफल पार्न कीर्तिमानी धावक वैकुण्ठ मानन्धर र हरिबहादुर रोकाया, एभरेष्ट म्याराथनका संस्थापक विक्रम पाँडे काजी, अभिनेत्री करिष्मा मानन्धर, गायिका सुनिता दुलाल, नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ, ओलम्पियन नारायण गुरुङलगायतका व्यक्तित्व पोखरा आइपुग्नुभएको छ।



# मकैको पकेट क्षेत्र बनाउदै वालिङ

श्रीकृष्ण सिग्देल
स्याङ्जा, ६ फागुन

कृषिमा आत्मनिर्भर बनाउन वालिङ नगरपालिकाले मकैको बिउ वितरण गरेको छ। नगरपालिकाले मकैको पकेट क्षेत्र बनाउन अरुण–२ नामक मकैको विऊ वितरण गरेको हो।

खाद्यन्न वालीको उन्नत विउ उपयोगमा मुल्य अनुदान कार्यक्रम मार्फत वालिङलाई मकैको विउ उत्पादनको क्षेत्र बनाउने उदेश्यले विउ वितरण गरेको नगरपालिकाले जनाएको छ। नगरपालिकाले यो सिजनमा २५ सय केजी अरुण–२ नामक मकैको विउ किसानलाई वितरण गरेको छ। धान फल्ने खेतमा ९० दिन भित्र तयार हुने यो मकै किसानका लागि आयआर्जनमा समेत निकै फलदायी हुने कृषि विज्ञहरुले बताएका छन्। मकैखेतीको लागि यहाँको माटो सुहाउदो भएकाले वालिङ नगरपालिकाको कृषि शाखाले मकैखेती छनोट गरेको जनाएको छ। मकैको विउ खोज्न अब बाहिर जान नपर्ने अभियानमा नगर लागेको वालिङ नगरपालिकाका लेखा प्रमुख ज्ञानप्रसाद अर्यालले बताए।



मकै खेतीको राम्रो सम्भावना रहेको वालिङलाई मकै पकेट क्षेत्र बनाउदै छौं लेखा प्रमुख अर्यालले भने,'मकैको उत्पादकत्वमा बृद्धि गरी मकै पकेट नगरीको रुपमा विकसित गर्छौ।' यसका लागि संघिय सरकारले सर्शत ३५ लाख अनुदान समेत दिएको छ उनले भने। पछिल्लो समय बाँदरको समस्याले किसानहरुले मकै लगाउन छाडेका छन्। मकैखेती नै लोप हुने अवस्थामा जान थालेपछि बाँदरको समस्या हलगर्दै मकै संरक्षण अभियानमा किसानलाई उत्प्रेरीत गर्न नगरले यो योजना अगाडी सारेको लेखा प्रमुख अर्यालले बताए।

वालिङ नगरपालिकाको भौगौलिक अवस्था पनि ३ तहको तापक्रम रहेको छ। उच्च, मध्यम र समथर भागमा छुट्टाछुट्टै तापक्रम भएकाले मकै उत्पादनमा मौसम अनुकुल रहेको छ। छिटो पाक्ने र खाद्यतत्व पनि बढी हुने यो मकै बसन्ते मकैका नामबाट पनि परिचित छ। बसन्त ऋतुमा फल्ने मकै भएकाले पनि यस मकैको नाम बसन्ते मकै रहेको नगरपालिकाका कृषि शाखा प्रमुख सुवास अर्यालले बताए। अहिले १२ सय रोपनीमा यो मकै लगाउने छौं उनले भने,' गुणस्तरीय विउ उत्पादन गरी मकै उत्पादकत्वमा बृद्धि गर्ने लक्ष्य हाम्रो हो।' अहिले सरकारले ५० प्रतिशत र किसानले ५० प्रतिशतमा मकैको विउ वितरण गरेका छौं उनले भने। किसानको पनि मकैखेतीमा अपनत्व होस भन्ने हेतुले ५० प्रतिशत लगानीमा किसानलाई सहभागी गराएको उनले बताए।

नगरपालिकाले खेत र बारीमा फल्ने दुईजातको विउ वितरण गर्ने योजना बनाएको छ। बारीमा फल्ने मनकामना–३ नामक जातको मकै फागुनको अन्त्य तिर वितरण गर्दैछ। यो मकै भने १४२ दिनमा तयार हुने कृषि शाखाले जनाएको छ। नगरपालिकाले विउ मकै संरक्षण गर्न ९, ११ र १४ नम्वर वडालाई रोजेको छ। गुणस्तरीय र उत्पादकत्वमा बृद्धि गर्न ३, ४ बर्षमा मकैको विउ भने फेरीरहनु पर्ने कृषि शाखाको भनाई छ।

# सामुदायिक सेवा केन्द्र बगरद्धारा रक्तदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरको आयोजनामा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

७२ औं प्रजातन्त्र दिवसको अवसर पारेर आयोजना गरेको उक्त रक्तदान कार्यक्रममा ३९ जना रक्तदाताले रक्तदान गरेका थिए। कार्यक्रममा प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक सुन्दर तिवारीले सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङ र सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिका प्रहरी इन्चार्ज प्रहरी नायव निरीक्षक होतबहादुर रोकालाई ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा पोखरा महानगर



पालिका वडा नं. १ का वडा सदस्य रुद्रप्रसाद सुवेदी च्वाइ, सामुदायिक सेवा एवम् सामुदायिक प्रहरी सेवा जिल्ला समन्वयका महासचिव मनपति भण्डारी, सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरकी संस्थापक अध्यक्ष सीता गुरुङ, नेपाल रेडक्रस सोइटी उपशाखा-१ वगरकी सभापति तथा केन्द्रकी सल्लाहकार जिवन अधिकारी, रक्तदाता स्वयम्सेवी समाज नेपालका अध्यक्ष जीतेन्द्रमान शाक्य, लागु पदार्थ समाज सुधार नेपाल आम समूहकी अध्यक्ष विष्णु गुरुङ, नमुना आम समूहकी अध्यक्ष राधा मानन्धर लागायतले बोलेका थिए। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामभूषण पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक कृष्णबहादुर तामाङले स्वागत र कार्यसमिति सदस्य दुर्गादत्त आचार्यले कार्यक्रम सञ्चालन गरेका थिए।

# धौलागिरि आयुर्वेद प्रदेशकै उत्कृष्ट

पोखरापत्र संवाददाता
बागलुङ, ६ फागुन

बागलुङको धौलागिरि आयुर्वेद औषधालयलाई गण्डकी प्रदेशको उत्कृष्ट कार्यालय घोषणा गरिएको छ। गण्डकी प्रदेश सरकारले उत्कृष्ट कार्यालय घोषणा गरेको हो।

एक महिनाअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट खटिएको टोलीले विभिन्न सूचकका आधारमा कार्यालयको मूल्याङ्कन गरेको थियो। मुख्यमन्त्रीको कार्यालयले पुरस्कृत गर्ने निर्णय गरेको जानकारी दिएको औषधालयका प्रमुख डा सरोजकुमार रायले बताउनुभयो। यसअघि पनि औषधालय प्रदेशकै उत्कृष्ट काम गर्ने कार्यालयका रूपमा पुरस्कृत भइसकेको उहाँले उल्लेख गर्नुभयो।

प्रदेश सरकारले मातहतका कार्यालयको सुशासन, कार्यालय व्यवस्थापन, प्रगतिलगायतको सूचकका आधारमा स्थलगत अनुगमन गरी मूल्याङ्कन गरेर उत्कृष्ट कार्यालय छनोट गरेको हो। औषधालयले कोरोना महामारीका बेला उल्लेख्य काम गरेको थियो। औषधालयले जिल्लाका विभिन्न सङ्घ संस्थासँग सहकार्य गरेर योग शिविर सञ्चालन गर्दैआएको छ। कोरोना सङ्क्रमितको घरमै पुगेर औषधिसमेत वितरण गरेको थियो। कार्यालय प्रमुख रायलाई निजामती पुरस्कार

गण्डकी प्रदेश सरकारले प्रदान गर्ने प्रदेश निजामती सेवा पुरस्कारका लागि धौलागिरि आयुर्वेद औषधालयका प्रमुख डा सरोजकुमार राय छनोट हुनुभएको छ। स्थापना दिवसका अवसरमा प्रदान गरिने उक्त पुरस्कारका लागि रायसहित १३ कर्मचारीलाई छनोट गरिएको हो।

प्रदेश सरकारले सर्वोत्कृष्ट प्रदेश निजामती सेवा कर्मचारी पुरस्कार एक जनालाई, उत्कृष्ट प्रदेश निजामती सेवा पुरस्कार दुई जनालाई र प्रदेश निजामती सेवा पुरस्कार १३ जनालाई प्रदान गर्ने गरेको छ।

# पतंजली योग सहशिक्षक तालिमका सहभागीलाई प्रमाणपत्र वितरण

पोखरापत्र संवाददाता
पोखरा, ६ फागुन

पतंजली योग समिति गण्डकी प्रदेश, कास्की जिल्ला समिति, महिला योग समिति कास्कीको आयोजनामा सहशिक्षक तालिममा सहभागीलाई शुक्रबार प्रमाणपत्र प्रदान गरिएको छ।

कार्यक्रमकी प्रमुख अतिथि पतंजली योग समिति कास्कीकी पुर्व महामन्त्री तथा गण्डकी प्रदेश सांसद मिना गुरुङले सहभागीलाई प्रमाणपत्र वितरण गर्दै योगको वारेमा चर्चा गर्नुका साथै आफू पनि विभिन्न रोगसंग लड्न योग नियमित गरिरहेको वताइन्। साथै उहाँले सबैलाई योगको साथै भान्सामा पाइने जडिबुटिलाई घरेलु उपचारका रुपमा प्रयोग गर्नुपर्ने वताउनु भएको थियो।

गण्डकी प्रदेश संरक्षक लोक दर्शन कोइरालाले योगले जुनसुकै रोग निवारण गर्न सहयोग गर्ने भएकोले जुनसुकै उमेर समुहका व्यक्तिले नियमित योग गर्नु पर्ने बताउनु भयो। कास्की जिल्ला अध्यक्ष कृष्णप्रसाद पौडेल तथा महिला योग समिति अध्यक्ष उर्मिला तुलाचनले आफुले साधना गर्दै अरुलाई पनि योगमा जोड्छौ तबमात्र प्रमाणपत्र प्राप्त गरेको औचित्य पुष्टि हुने बताउँनु भयो।

कोभिडको कारण भौतिक रुपमा सामुहिक योग प्रशिक्षण गर्न नसकेता पनि जुम मार्फत योग समिति केन्द्रिय समितिबाट गरिएको योग प्रशिक्षण तालीममा काठमाडौ, लम्जुङ, पर्वत, तनहुँ, स्याङ्जा लगाएतका ब्यक्तिहरु योग प्रशिक्षणमा सय जना सहभागी भएका थिए।

पतंजली योग समिति गण्डकी प्रदेश प्रभारी नरेन्द्रमान लालचनको अध्यक्षतामा भएको कार्यक्रम कास्कीका महामन्त्री प्रकाश बास्तोलाले कार्यक्रम संचालन गर्नुभएको थियो।

# सार्वजनिक सवारी भाडादर निर्धारण

पोखरापत्र संवाददाता
तनहुँ, ६ फागुन

गण्डकी प्रदेशभरि भाडादरमा एकरुपता कायम गर्ने उद्देश्यले सार्वजनिक सवारीमा भाडादर निर्धारण गरिएको छ।

भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयमा यातायात व्यवसायी, उपभोक्ता मञ्च र सरोकारवालाबीच भएको छलफलका क्रममा संयुक्त प्रतिबद्धता पत्र जारी गर्दै सार्वजनिक सवारीमा भाडादर निर्धारण गरेको हो। सार्वजनिक सवारीमा बसको रु ३.१० प्रतिकिमी प्रतियात्रु, सिटी बसको फ्लाग डाउन रु २० (सुरुको तीन किमीसम्म) र त्यसपछि थप रु २.५ प्रतिकिमी प्रतियात्रु, जिपको पक्की बाटोमा रु ५.५० प्रतिकिमी प्रतियात्रु र ट्रकको रु ११.७२ प्रतिकिमी प्रतिटन कायम हुने गरी निर्णय गरिएको हो।

त्यसैगरी, ९+१ सिट क्षमताका सार्वजनिक जिप प्रकृतिका सवारी साधानले बाटोको इजाजत लिई २५० किमीसम्म मात्र यात्रु बोकी सञ्चालन गर्न पाउने छन्। सार्वजनिक सवारी साधन चल्ने रुट र दूरी खुल्ने गरी निर्णय भएको भाडादरअनुसार सम्बन्धित यातायात व्यवसायीले कार्यान्वयन गर्ने निर्णय भएको तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालले जानकारी दिनुभयो। भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेश पोखराको यातायात शाखाबाट भाडादर प्रमाणित गराएपछि आधिकारिक सूचना पार्टी, सवारी साधान र टिकट काउन्टरमा टाँस गरी सर्वसाधारणलाई जानकारी गराएर यसको प्रभावकारी कार्यान्वयनमा लैजाने निर्णय गरिएको छ। कच्ची बाटोको सन्दर्भमा समितिले सिफारिस गरेको भाडादरलाई आधार लिई सम्बन्धित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने अस्थायी मार्ग तथा भाडा निर्धारण समिति प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन-२०७६ ले भाडादर निर्धारण गर्न सकिने निर्णय गरेको छ।

डिलक्स सुविधा लिएका जुनसुकै प्रकारका यात्रुबाहक सवारी साधानले माथि तोकिएको भाडादरमा २० प्रतिशत रकम थप गरी लिन सकिने गरी निर्णय गरिएको उहाँले बताउनुभयो।

गण्डकी प्रदेशभित्र रहेका सर्वसाधारण नागरिकलाई सरल एवं सुलभ ढङ्गबाट यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन गण्डकी प्रदेश सरकारबाट ०७८ माघ ३ गतेदेखि सार्वजनिक सवारीमा लागू हुने गरी भाडादर स्वीकृत गरिसकेको उहाँले बताउनुभयो।

त्यसैगरी सार्वजनिक यात्रुबाहक सवारीका चालक एवं सहचालक र सहयोगीले समेत आफ्नो परिचय खुल्ने परिचयत्र देखिने गरी प्रयोग गर्नुपर्नेछ। चालकले खरानी रङ, सहचालक र सहयोगीले रिफलेक्टेड ज्याकेट लगाएको हुनुपर्ने, चालक, सहचालक र सहयोगीले जुत्ता लगाएको हुनुपर्नेछ। ज्येष्ठ नागरिक,अपाङ्गताभएकाव्यक्ति, विद्यार्थी, जनआन्दोलनका अशक्त घाइतेलाई तोकिएको दरले सहुलियत दिने व्यवस्था गर्ने, सवारी साधान सफा, चम्किलो र नियमित सरसफाइ गर्नुपर्ने, यात्रुबाहक बसको छतमा हुट नराख्नेलगायतका १९ बुँदे निर्णय गरिएको छ। त्यसैगरी, सवारी दुर्घटनाको रोकथाम गर्न, दुर्घटना पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमाको व्यवस्था गर्न तथा सवारी साधानको करको रकम असुलउपर गर्ने कार्य प्रणालीलाई व्यवस्थित गर्न, सार्वजनिक तथा भाडाका सवारी साधनले लिने भाडा समयानुकूल बनाउन तथा तोकिएका रुटमा भाडादर समयसापेक्ष निर्धारण गर्नेलगायतका निर्णय गरेको छ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ गण्डकी प्रदेशका संयोजक भानुभक्त बराल, भौतिक पूर्वाधार सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयका शाखा प्रमुख केदार सापकोटा, उपभोक्ता मञ्च गण्डकी प्रदेशका अध्यक्ष कपिलनाथ कोइराला, स्थानीय यातायात प्रालि कास्कीका प्रबन्धक रामचन्द्र लामिछाने, पृथ्वीराजमार्ग बस संञ्चालक कम्पनी प्रालि कास्कीका अध्यक्ष मेघराज त्रिपाठी, तनहुँ व्यासभूमि यातायात प्रालिका महासचिव पशुपतिनाथ अधिकारी, पोखरा यातायात प्रालिका प्रबन्ध निर्देशक अमृत शर्मा तिमिल्सेनाको सहभागिता रहेको थियो।

त्यसैगरी, पोखरा फेवा यातायातका अध्यक्ष टीकाराम थापा, स्याङ्जा-गण्डकी यातायात प्रालिका कोषाध्यक्ष महेशबहादुर थापा, गण्डकी धौलागिरि यातायात प्रालिका अध्यक्ष उमेश केसी, धौलागिरि अञ्चल जिप व्यवसायीका अध्यक्ष विष्णुप्रसाद अधिकारी, बेगनासताल-पोखरा यातायात प्रालिका संरक्षक रवीन्द्र मोहन अधिकारी, दरौदी गोरखा यातायात प्रालिका अध्यक्ष नारायण खत्री, लमजुङ-कालिका यातायात प्रालिका अध्यक्ष कृष्णबहादुर अधिकारीलगायतको सहभागिता रहेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

अब तपाई भाग्यो शहर पोखरामा
कपाल प्रत्यारोपण Hair Transplant
कपाल सम्बन्धी सम्पूर्ण समस्याको उपचार
डा. कमल राज घिताल काठमाडौं ह्याम्स हस्पिटलबाट यहि फागुन ७ गते शनिबारका दिन यस उपचार केन्द्रमा आउनुहुने भएकोले छाला कपाल तथा यौन रोगका कुनै पनि समस्या भएका बिरामिहरुले तुरुन्त सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
- समय अगाडि कपाल झर्ने
- अगाडीको कपाल झरेको
- लामो समयसम्म कपाल झर्ने
- टाउकोमा टाटुहरु परेको
- अगाडीको कपाल पातलो भएको
- कपालमा चाया पर्ने, धाँउ रुसिरा भएका
- नयाँ कपाल रोप्नु परेमा
- कपाल नराम्रो देखिने
- कपाल झुसिलो देखिने
- कपालका कुनै पनि समस्या भएमा
- कपाल नयाँ राख्नु परेमा
- कपाल लामो, बाक्लो, आकर्षक बनाउनु परेमा सम्पर्क राख्नुहोला
२०७८ फागुन ७ गते शनिबार
छाला तथा यौन रोगका कुनै पनि समस्या भएमा सम्पर्क राख्नुहोला।
बिरामी परिक्षण विहान ९ बजे बाट बेलुका ४ बजे सम्म फोन बाट पनि नाम दर्ता गराउन सकिने छ।
आरोग्यम छाला, कपाल तथा यौन रोग उपचार केन्द्र
AROGYAM SKIN CARE, LASER AND HAIR TRANSPLANT CENTRE
पोखरा-१०, इन्द्रचोक पोखरा रङ्गशाला नजिकै
०६१-४३२२४२, ४३०४०७, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# झाडी फाँडेर केरा खेती

पोखरापत्र संवाददाता
म्याग्दी, ६ फागुन

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ बैसरीका कृषकले बाँझिएको पाखोबारीमा केरा खेती गरेर हराभरा बनाएका छन् । तीन कृषकले कोरोना भाइरसको महामारी फैलिएपछि दुई वर्षअघि भएको बन्दाबन्दीको समयमा २७ रोपनी झाडी फाँडेर व्यावसायिकरूपमा केरा खेती सुरु गर्नुभएको हो ।

रघुगङ्गा-२ रिसिन चौतारीका बलबहादुर सुनार, रमेश कटुवाल र बुद्धिबहादुर कार्कीले केरा खेतीबाट आम्दानी गर्न थाल्नुभएको छ। न्यू कालीगण्डकी कृषि फर्मका सञ्चालक सुनारले पछिल्लो याममा रु एक लाख ५० हजार बराबरको केरा बिक्री गरेको बताउनुभयो। "बन्दाबन्दीको फुर्सदमा झाडी फाँडेर ९०० केराका बिरुवा लगाएको थिए," उहाँले भन्नुभयो "सुरु गरेको डेढ वर्षमै आम्दानी हुन थालेको छ।" करिब २० वर्षदेखि खेती हुन छाडेको पाखोबारीको झाडी फाँडेर तीनैजनाले केरा खेती गर्नुभएको थियो। कटुवालले आरम्भ र कार्कीले कालीगण्डकी कृषि फर्म सञ्चालन गर्नुभएको छ । उहाँहरूले केरा खेतीका साथै बाख्रा, बङ्गुर, कुखुरा र माछापालनसमेत गर्नुभएको छ। एकजनाले कृषि फर्ममा रु १५ लाखदेखि रु २० लाखसम्म लगानी गर्नुभएको छ । बजार नजिक, यातायात सुविधा, अनुकूल भूगोल र हावापानी भएकाले केरा खेती गरेको कटुवालले बताउनुभयो । "बाँझिएर खेर गएको पाखोबारी केराका बिरुवाले हराभरा बनेको छ," उहाँले भन्नुभयो, "रोजगारी सिर्जना र आयआर्जनको अवसर पनि मिलेको छ ।" कटुवालले केरा खेतीसँगै व्यावसायिक कुखुरापालन समेत गर्नुभएको छ । उनीहरूले स्थानीय बाइसे, मुङ्ग्रे, धुम्रे र नङ्ग्रे जातको केरा खेती गरेका छन् । "धान, कोदो, मकै, गहुँ खेती नहुने पाखोबारीमा बदामको मात्र खेती हुन्थ्यो," कार्कीले भन्नुभयो "बदामभन्दा केरा खेतीबाट चार/पाँच गुना बढी आम्दानी भएको छ।" सो क्षेत्रमा यसअघि घरायसी प्रयोजनका लागि केरा खेती हुँदै आएको थियो ।

बैसरी, बेनी, पोखरेबगर र मुस्ताङमा केरा बिक्री हुन्छ । बैसरी हुँदै रिसिनचौतारी जोड्ने सडक बनेकाले व्यापारी केरा किन्न गाडी लिएर गाउँमै पुग्छन् । रघुगङ्गा गाउँपालिका-२ भगवतीका वडाध्यक्ष रिम कटुवालले बैसरी, रिसिनचौतारी, राममन्दिर र माझखर्कमा केरा खेतीको साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । सिँचाइका लागि गाउँपालिका, कृषि ज्ञान केन्द्र र सिँचाइ कार्यालयमा पहल गरेको उहाँले बताउनुभयो ।

# श्रद्धाञ्जली र समवेदना सङ्क्षिप्त विश्लेषण

शिव प्रसाद गौतम



यी दुई शब्द मानव समाजमा घटेका दुःखद सन्देशमा प्रयोग हुने शब्द हुन् । श्रद्धा र अञ्जली दुई शब्दको समायोजन भएर बनेको भिन्नै अर्थ दिने शब्द श्रद्धाञ्जली हो । देखिएको वा नदेखिएको कुनै पनि आदर्श गुण, विशिष्ट कुरा, महत्त्व, शक्ति आदिबाट मन प्रभावित भई तिनका प्रति उत्पन्न हुने आदर पूर्ण भावना, ईश्वर, धर्म आदि र आफ्ना पुज्य तथा मान्यजन प्रतिको सद्भाव, आस्था, निष्ठा, विश्वास, भक्तिभाव, उत्कट प्रवल इच्छा, चाहना सबैको अर्थ श्रद्धा हो । अञ्जलीको अर्थ आदर वा प्रार्थनाका रूपमा हत्केला जोड्ने काम अञ्जली हो । श्रद्धाञ्जली दुई शब्द मिलेर भिन्न अर्थ दिने शब्द समास शब्द हो । देवता वा सामान्य व्यक्तिमा चढाउनका लागि देखाइने फलफूल, माला, अर्घ आदि सहितको अञ्जली, कुनै दिवङ्गत पूज्य व्यक्तिमा श्रद्धा अभिव्यक्त गर्दा गरिने गुणानुवाद श्रद्धाञ्ली हो ।

आफन्तजन मित्रवर्ग वा परिचित सबैलाई स्वजनको मृत्यु-वियोग, दुःख-विपद् आदि पर्दा आफूलाई पनि त्यस्तै हुने वेदना वा दुःखको अनुभव । त्यस्तो वेदना वा दुःखको अनुभव हुँदा प्रकट गरिने भाव सहानुभूति समवेदना हो । शोकाकुल व्यक्ति वा परिवारलाई पठाइने समवेदना वा दुःखयुक्त सन्देश समवेदना सन्देश हो । समवेदना शब्दलाई विच्छेद गर्दा सम र वेदना दुई शब्द बन्दछन् । यी शब्दको अथ भिन्दाभिन्दै हुन्छ । समको अर्थ घटीबढी, लामो छोटो, ठूलो सानो आदि नभएको बराबर भन्ने हुन्छ । चोटपटक लाग्दा वा कुनै दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक कष्ट, पीडा, दुःख आदिको तीव्र अनुभूति वेदना हो । समाजमा जति पनि दुःखद घटनाहरु हुन्छन् तिनका उपर प्रकट गरिने सद्भावनाहरु श्रद्धाञ्जली र समवेदना हुन् । श्रद्धाञ्जली यस संसारबाट विदा भएका महानुभावहरुका लागि अर्पण गरिन्छ । मृतकको शव शवदाह स्थल तीर्थमा लगेर दाह संस्कार गर्नुभन्दा पहिले शवयात्रामा सहभागी दाजुभाइ, आफन्तजन इष्टमित्रले दागबत्ती दिनु पूर्व श्रद्धाञ्जली सभाको माध्यमबाट श्रद्धाञ्जली अर्पण गर्ने परम्परा छ । यो समयमा देह छाडेर गएको आत्माको स्वर्ग तथा वैकुण्ठबास होस् भन्ने कामना गर्नुका साथै परिवारजनलाई यो दुःखद घडीको सामना गर्ने क्षमता मिलोस् भन्दै भगवान्सँग पुकार गरेर एक मिनेट मौनधारण गर्ने परम्परा छ । मृतकको घरमा शोक पुस्तिका राखेर भेटी लिएर भेट्न आउने सबै शुभचिन्तकहरुले सो पुस्तिकामा लिखित रूपमा श्रद्धाञ्जली र समवेदना प्रकट गर्ने परम्परा छ । यसका अतिरिक्त आफन्तजनले पत्रिका मार्फत मृतकको सबै विवरण सहितको फोटो राखेर हृदयमा रहेको वा हृदयबाट आएको मनमनले गरिएको, स्वतः स्फूर्त भाव हार्दिक श्रद्धाञ्जली र समवेदना प्रकट गर्ने चलन छ । यो परम्पराले थाहा नपाएका आफन्त जनले पनि थाहा पाएर दुःख प्रकट गर्दछन् । मृतकका घर परिवारले पनि आफूहरूलाई दुःखको घडीमा सहानुभूति प्रकट गर्नुहुने सबैलाई पत्रिकाको माध्यमबाट आभार व्यक्त गर्दछन् ।

प्रायः जसो पत्रिकाहरुमा निकालिएका श्रद्धाञ्जली र समवेदनाहरुमा कविशिरोमणि लेखनाथबाट रचित काल महिमाका श्लोक तथा भागवत् गीताका श्लोक उद्धृत गरिएका हुन्छन् । भागवत गीता पाठ गर्नाले दिवंगत आत्माको स्वर्ग तथा वैकुण्ठ बास हुन्छ भन्ने विश्वासले भागवत गीता पाठ गरिन्छ । स्वर्ग भन्नाले अत्यन्त रमणीय ठाउँ सुन्दर ठाउँ जहाँ भगवान्को बास हुन्छ भनिएको छ । कुनै किसिमको भय, संशय, चिन्ता वा कुण्ठा नभएको ठाउँ, अकाल, अभाव र अपूर्णता नभएको ठाउँ विष्णु लोक वैकुण्ठ हो । स्वर्ग गएको व्यक्तिले उसको पुण्य समाप्त भएपछि पुनः जन्म लिन्छन् । वैकुण्ठ लोक पुगेकाहरुले पुनर्जन्म लिन पर्दैन भन्ने धार्मिक विश्वास छ । अर्थात् सत्कर्म गर्नेहरू स्वर्ग र बैकुण्ठ भोग गर्छन् । असत गर्नेहरू धार्मिक सिद्धान्त अनुसार पापी वा दुराचारीलाई मरेपछि सजाय दिइने ठाउँ दुःख साथ जीवन यापन गर्नुपर्ने ठाउँ, पीडा वा कष्ट हुने ठाउँ, विष्टा, मल आदि जस्ता नरकमा बस्नु पर्ने भनिएको छ । पापीहरुलाई यातना दिने नरकको एक खाल्टोलाई नरक कुण्ड भनिन्छ । हामी मृत्यु, स्वर्ग, पश्चात् वैकुण्ठ र नरक कुन ठाउँमा बस्न जान्छौँ भन्ने कुरा हामी जीवित छँदै गरेका कर्महरूको आधारमा भोग्न पाउँछौँ । सत्कर्म गर्नाले आफ्नो पनि कल्याण हुन्छ अरूको पनि कल्याण हुन्छ । असत कर्म गर्नाले आफूलाई यो जुनिमा फाइदा होला तर मृत्युपछि नरक भोग्नु पर्ने हुन्छ । असत् कर्मले जीवित अवस्थामा नै दुःख दिन्छ मरेपछि त कुम्भिपाक नरक भोग्नु पर्ने हुन्छ ।

हामी सृष्टिमा सर्वश्रेष्ठ मानिएका मानिसहरूले बनाएको हो स्वर्ग र नरकको धारणा । अहिलेका मानिसहरूको धारणा छ स्वर्ग र नरक यही छ । अर्को त्यस्ता ठाउँ छैनन् । जन्मेपछि बाचुन्जेल मोज गर्ने हो । मृत्यु पश्चात् शून्य हुन्छ । यो जन्ममा इज्जत साथ बाँच्नु स्वर्गमा बस्नु हो । बेइजत भएर बाँच्नु नरकमा बस्नु हो । हामी सबैले देश र जनताको हितमा काम गरे सत्कर्म हुन्छ । यस्ता कर्म गर्नेहरू सबैको सम्मान पाएर आनन्दपूर्वक जीवन यापन गर्छन् । असत् कर्म गर्नेहरू जनताबाट अपहेलित भएर बाँच्छन् । यो स्थिति हुनु नरकको बास हो । अतः हामी सबैले देश र जनताको हितमा काम गरेर सनाम धन्य भएर बाँचौँ । सम्बृद्ध नेपाल सुखी नेपाली भएर बाँचौ अन्यथा हाम्रो कल्याण हुँदैन । मृत्युमा श्रद्धाञ्जली र समवेदना प्रकट गर्ने जनको पनि अभाव हुन जाने काम नगरौँ ।

अस्तु ।

# स्ववियु निर्वाचनः १३ वर्षदेखि नियमति हुन सकेन

-शरद् शर्मा
काठमाडौं, ६ फागुन

त्रिभुवन विश्वविद्यालयका क्याम्पसमा विगत एक दशकदेखि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन हुन सकेको छैन । प्रत्येक दुई/दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुन सकेको छैन ।

पञ्चायतकाल, सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासनकालमा पनि नियमित हुँदै आएकोमा अहिले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि भने स्ववियु निर्वाचन १३ वर्षदेखि हुन सकेको छैन । गणतन्त्र स्थापना भएपछि एक पटक मात्र भएको निर्वाचन त्यसपछि भने नियमित हुन नसकेको हो ।

त्रिविले शैक्षिक क्यालेण्डरमा नै हरेक दुई वर्षमा फागुन १४ गते स्ववियु निर्वाचनको कार्यतालिका राखेर निर्वाचन गराउँदै आएको थियो । विसं २०६५ सम्म नियमित हुँदै आएको निर्वाचन अहिले भने रोकिएको छ । विसं २०६५ पछि एकै पटक आठ वर्षपछि २०७३ चैत १५ गते भएको थियो । २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि नियमति स्ववियु निर्वाचन भएको छैन । पछिल्लो पटक उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू भएपछि पहिलो पटक २०७३ सालमा त्रिविले स्ववियु निर्वाचन गराए पनि आंशिकरूपमा केही क्याम्पसमा मात्र भएको थियो तर त्यसपछि यता पटक-पटक त्रिविले स्ववियु निर्वाचन घोषणा गरे पनि हुन सकेको छैन ।

अनेरास्ववियुका अध्यक्ष सुनिता बरालले आफ्नो सङ्गठन स्ववियु निर्वाचनका लागि तयार रहेको बताउनुभयो । उहाँले अहिले फागुन १४ गते हुन नसके पनि चैतमा चुनाव गर्नुपर्ने बताउनुभयो । "नेपालको शैक्षिक नीति परिवर्तनका लागि मुख्य भूमिका खेल्ने स्ववियु अहिले क्याम्पसमा रहेको छैन", उहाँले भन्नुभयो, "नेपालको विद्यार्थी आन्दोलनलाई रक्षा गर्ने स्ववियुको निर्वाचन चाँडै तोक्नुपर्दछ ।"

उहाँले त्रिविलाई स्ववियु निर्वाचनको मिति तोक्नसमेत आग्रह गर्नुभयो । "त्रिविले स्ववियु निर्वाचनका सम्बन्धमा चाँडै नै विद्यार्थी सङ्गठनबीच छलफल गरेर मिति तोक्नुपर्दछ", उहाँले भन्नुभयो, "हामी विद्यार्थी सङ्गठन पनि असहमतिका बाबजुद सहमति खोजेर लामो समयदेखि हुन नसकेको निर्वाचन गर्नु पक्षमा छौं ।"

नेपाल विद्याथी सङ्घका नेता बलदेव तिमिल्सेनाले त्रिविले चाँडै निर्वाचनको मिति घोषणा गर्नुपर्ने बताउनुभयो।उहाँलेत्रिविकापदाधिकारीको गैरजिम्मेवारीपन कार्यले निर्वाचन हुन नसकेको बताउनुभयो । "हामीले निर्वाचन कार्यतालिका तत्काल प्रकाशन गर्न दवाव दिएका छौँ", उहाँले भन्नुभयो, "यदि एक हप्ताभित्र निर्वाचनको तालिका प्रकाशन नगरे हामी त्रिविका विरुद्ध निर्वाचन गर्न दबाब दिँदै सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्दछौँ ।"

उहाँले उमेर हदबन्दी र निर्वाचन प्रणालीको कारणले स्ववियु निर्वाचन प्रभावित भएको हुन सक्ने बताउनुभयो । उहाँले आफ्नो सङ्गठन उमेर हदबन्दी र प्रणालीमा लचकता अपनाउने बताउनुभयो । "उमेर हदबन्दी र प्रणालीप्रति हाम्रो अझै असहमति छ", उहाँले भन्नुभयो, "तर निर्वाचनका लागि भने ३० वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणालीमा हामी सहमति गरेर जान्छौ । हाम्रै कारणले निर्वाचन हामी रोक्दैनौँ ।" उहाँले त्रिवि सभा र क्याम्पस व्यवस्थापन समितिमा विद्यार्थीको भावना प्रतिनिधित्व गर्दै स्ववियुका पदाधिकारी जाने गर्दथ्ये", उहाँले भन्नुभयो, "तर अहिले विगत १३ वर्षदेखि स्ववियुका प्रतिनिधित्व हुन सकेको छैन ।" अनेरास्ववियु (क्रान्तिकारी)का अध्यक्ष पञ्चा सिंहले स्ववियु निर्वाचनका लागि आफ्नो सङ्गठन तयार रहेको बताउनुभयो । उहाँले आफूहरूले स्ववियु निर्वाचनको मिति तत्काल तोक्न त्रिवि पदाधिकारीसँग आग्रह गरिसकेको समेत बताउनुभयो । उहाँले तत्काल स्ववियु निर्वाचनको मिति नतोके आन्दोलनका कार्यक्रम पनि गर्ने जानकारी दिनुभयो । अध्यक्ष सिंहले केही विद्यार्थी सङ्गठन हार्ने डरका कारण पनि निर्वाचनबाट भागेको हुन सक्ने बताउनुभयो । अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले हाम्रो सङ्गठन तयार रहेको बताउनुभयो । उहाँले स्ववियुको गरिमा बढाउनका लागि निर्वाचन आवश्यक रहेको बताउनुभयो । "राजाको प्रत्यक्ष शासनकालमा पनि भएको निर्वाचन आज लोकतान्त्रिक गणन्त्रको शासनमा नहुन दुःखद् हुनु हो", उहाँले भन्नुभयो, "त्रिविले चाँडै नै स्ववियु निर्वाचनको मिति घोषणा गरोस् ।" स्ववियु निर्वाचन मिश्रित निर्वाचन प्रणालीमा रहेको छ । सभापति, सचिव र कोषाध्यक्ष प्रत्यक्ष निर्वाचन तथा उपसभापति र सहसचिव समानुपातिक र ५० प्रतिशत सदस्य समानुपातिकबाट चयन हुन्छन् । अनेरास्ववियुका अध्यक्ष पराजुलीले स्ववियु निर्वाचन गर्नका लगि त्रिविले पहलकदमी लिनुपर्ने बताउनुभयो ।

त्रिवि सभाका निवर्तमान सिनेटर तथा आरआर क्याम्पसका निर्वतमान सभापति तपेन्द्र शाहीले स्ववियु निर्वाचन नहुनेमा विद्यार्थी सङ्गठन र त्रिवि पदाधिकारी नै दोषी रहेको बताउनुभयो । "त्रिविका पदाधिकारी पनि स्ववियु निर्वाचन गर्न जोखिम लिँदैनन्", उहाँले भन्नुभयो, "विद्यार्थी सङ्गठन आफू हार्ने डरले निर्वाचनमा सहभागी नभएर विभिन्न आन्दोलन गरि निर्वाचन भाड्ने काम गर्दछन् ।" उहाँले स्ववियु निर्वाचन नहुँदा त्रिविमा विभिन्न नाममा विद्यार्थी सङ्गठनले अराजकता मच्चाइरहेको समेत बताउनुभयो ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले स्ववियु निर्वाचन गर्नबारे प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री बालकृष्ण खाँणसँग परामर्श भइरहेको बताउनुभयो । "लामो समय स्ववियु निर्वाचन नभएकाले सरकारसँग हामी परामर्श गरिरहेका छौँ", उहाँले भन्नुभयो । उहाँले त्रिवि पनि स्ववियु निर्वाचन गर्न आतुर रहेको बताउनुभयो । "विद्यार्थीको आधिकारिक नेतृत्व नहुँदा त्रिवि र क्याम्पसको नीति निर्माण र व्यवस्थापनमा समस्या आइरहेको छ", उहाँले भन्नुभयो, "त्यसैले हामी जतिसक्दो चाँडो निर्वाचन गर्न आतुर छौँ ।" निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनका सम्बन्धमा विद्यार्थी सङ्गठनसँग पनि निरन्तर छलफल गरिरहेको बताउनुभयो । उहाँका अनुसार २०१९ सालबाट त्रिविमा विद्यार्थीको प्रतिनिधित्व हुँदै आएको थियो ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : आर्थिक समस्या | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सम्मान मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# खेतीयोग्य जमिन मासेर घर निर्माण

-ध्रुबसागर शर्मा
म्याग्दी, ६ फागुन

म्याग्दीको बगरफाँट, सिङ्गा र बाबियाचौरमा डेढ दशकअघिसम्म धान, गहुँ, मकै र समयअनुसारको अन्नबाली लहलह झुलेको हुन्थ्यो । अन्नबालीलेयहाँकाफाँटहरूनिकै हरिया हुन्थे । यहाँको उत्पादनले स्थानीयवासीलाई १२ महिनासम्म खान पुग्थ्यो । तर जब सडक बनेर गाडी कुद्न थाले यहाँको अवस्था फेरियो । अन्न फल्ने हरिया फाँट अब कङ्क्रिटका घरले भरिन थालेका छन् ।

बेनी नगरपालिका-२ बगरफाँटको उर्वर फाँटमा पक्की घर निर्माण गर्ने क्रम बढेसँगै खेतीयोग्य जमिन नासिँदै गएको छ । बेनी नगरपालिका- ४ सिङ्गा, बेनी नगरपालिका -१ रत्नेचौर, मङ्गला गाउँपालिकाको बाबियाचौर लगायतका सडकको पहुँच पुगेका ठाउँको अवस्था पनि यस्तै छ । जिल्लाको अन्न भण्डार र प्राङ्गारिक खेतीको गाउँका रूपमा परिचित बगरफाँटमा पछिल्लो केही समययता पक्की घर निर्माण हुने क्रम बढेसँगै उर्वर फाँट कङ्क्रिटको सहरमा परिणत हुने जोखिम बढ्दै गएपछि यहाँका किसान चिन्तित बनेका छन् ।

सदरमुकाम बेनी बजारसँगै जोडिएको र सबै किसिमका सुविधाको पहुँचमा रहेको गाउँ भएकाले यहाँको उर्वर भूमिमा पछिल्लो समय पक्की घर निर्माण गर्ने क्रम बढ्दै जान थालेको हो । धमाधम खेतीयोग्य जमिनमा पक्की भवन निर्माण हुन थालेपछि उत्पादनमा ह्रास आएको छ । एक त खेतीयोग्य जमिन नै छैन, अर्को भएको जमिनमा पनि जाँगर लगाएर खेतीपाती गरिँदैन । बेनी नगरपालिका-२ बगरफाँटका बेदप्रसाद शर्माले भन्नुभयो, "बाली झुल्नुपर्ने खेतका फाँटमा घर ठडिएपछि अन्नबालीको उत्पादनमा कमी आएको छ । आयातीत खाद्यन्नमा निर्भर रहनुपरेको छ ।"

खेती गरेर उत्पादित कृषिजन्य वस्तुको भन्दा बढी पैसा जग्गा बेच्दा कमाउन थालेपछि किसानले धमाधम जग्गा बेच्न थालेका स्थानीयवासीको भनाइ छ । खेतीयोग्य जमिन घडेरी बनाउनका लागि बेच्न थाले, फलस्वरुप अहिले स्थानीय उत्पादनमा म्याग्दी अघि बढ्न सकेको छैन । कृषि ज्ञान केन्द्रका अनुसार खेतीयोग्य जमिनको धेरै भागमा घर, उद्योग र कलकारखाना बनेका छन् । सडक पुगेपछि जिल्लाको कृषियोग्य जमिन मासिँदै गएको छ । प्राङ्गारिक गाउँका रूपमा परिचित बगरफाँटमा अहिले आठ पक्की घर निर्माण भएका छन् । उपल्लो फाँट र तल्लो फाँट (पलाँसे क्षेत्र) गरी दुई भागमा बाँडिएको बगरफाँट जिल्लाकै अन्न भण्डारका रूपमा चिनिन्छ । जिल्लाका विभिन्न स्थानबाट बसाइँ सरेर बगरफाँटमा घडेरी किनी घर बनाएर बस्नेहरूका कारण उर्वर फाँट मासिँदै गएको स्थानीयवासीले बताएका छन् । बेनीबजारसँगै जोडिएको बगरफाँटमा बजारको तुलनामा घडेरी निकै सस्तोमा पाइने हुनाले यहाँ घडेरी किनेर घर बनाउनेको सङ्ख्या बढेको हो । बजारमा प्रतिहात रु पाँच लाखको हाराहारीमा घडेरी बिक्री हुने गरेको भए पनि यहाँ प्रतिहात रु एक लाखदेखि रु एक लाख ५० हजारमा घडेरी किन्न आउने गरेका हुन् । हाँडेभिर-बगरफाँट-सुर्केमेला-बरङ्जा सडक निर्माण भएपछि बगरफाँटमा बस्ती विस्तार र जग्गाको किनबेच हुने क्रम बढेको स्थानीयवासी भवेन्द्रविक्रम शाहले बताउनुभयो । यही क्रममा बस्ती विस्तार हुँदै जाने हो भने केही समयपछि बगरफाँटको उर्वर भूमि सखाप हुने उहाँको भनाइ छ । "जिल्लामा न त आधुनिक खेती प्रणालीको विकास हुन सकेको छ, न त रैथाने परम्परागत कृषि पेसालाई राम्रोसँग अपनाउन सकिएको छ," स्थानीय टेकबहादुर कार्कीले भन्नुभयो, "किसानले खेतीयोग्य जमिन बेच्नुबाहेकको विकल्प छैन ।"

म्याग्दीमा आठ प्रतिशत बेसी क्षेत्र, ५६ प्रतिशत उच्च पहाडी क्षेत्र र ३६ प्रतिशत हिमाली क्षेत्र छ । समुद्र सतहबाट ७९२ मिटर (बेनी नगरपालिका-१ रत्नेचौर) देखि ८,१६७ मिटर (धौलागिरि हिमाल) सम्म फैलिएको यस जिल्लाको कूल क्षेत्रफल दुई हजार २९७ वर्ग किलोमिटर (दुई लाख २९ हजार ७०६ हेक्टर) रहेको छ । डेढ दशकयताको तथ्याङ्क हेर्ने हो भने खेतलाई घडेरी बनाउने होडका कारण यहाँको आधाभन्दा बढी जमिन घटिसकेको छ । अहिले आयातीत खाद्यान्नको भरमा यहाँको जनजीवन चलेको छ । दैनिक दिन खेतीयोग्य जमिनमा पक्की भवन ठडिँदासमेत कसैले खेतीयोग्य जमिनको पक्षमा वकालत गरेका छैनन् । जिल्ला बाहिरबाट मानिस सदरमुकाममा बसाइँ सरेर आएका छन् भने सदरमुकाम आसपासका मानिस खेतीयोग्य जमिन बेचेर काठमाडौँ, पोखरा, चितवन जस्ता सहरमा जाने क्रम बढेको छ । अव्यवस्थित सहरीकरणले पनि खेतीयोग्य जमिनमा असर परेको स्थानीयवासी बताउँछन् ।

सहरी जीवनले पनि खेतीसँगको मोह घटाएको छ । अहिले यहाँका बुढापाकाले खेतीपातीको काम गर्दै आइरहेको भए पनि युवाहरू पढाइ, लेखाइ र अन्य व्यापार व्यवसायमा संलग्न देखिएका छन् ।

# बेनीमा स्नातक तहमा कम्प्युटर र सूचना प्रविधिको पठनपाठन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ फागुन**

म्याग्दी सदरमुकाम बेनीमा अवस्थित म्याग्दी बहुमुखी क्याम्पसले समयसापेक्ष रूपमा अध्यापन हुने विषयको दायरालाई बढाउँदै लगेको छ । क्याम्पसले पहिलोपटक स्नातक तहमा सेमेस्टर प्रणालीअन्तर्गत कम्प्युटर र सूचना प्रविधि विषयमा अध्यापन गराउने तयारी गरेको हो ।

बिहीबार क्याम्पसमा आयोजित अन्तर्क्रिया कार्यक्रममा समय सुहाउँदो प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्यले जुनसुकै विषय लिएर प्लस टु उत्तीर्ण गरेका विद्यार्थीले अध्ययन गर्न सक्ने गरी स्नातक तहमा कम्प्युटर र सूचना प्रविधि विषय (बिआइसिटीई)को अध्यापन गराउन लागिएको क्याम्पस सञ्चालक समितिका अध्यक्ष सोमनाथ ढुङ्गानाले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्याम्पसले स्नातक तहमै शिक्षा सङ्कायमा विज्ञान विषयमा समेत अध्यापन गराउने भएको छ । जिल्लामा अत्यावश्यक र रोजागरको सम्भावना भएकाले कम्प्युटर र सूचना प्रविधि तथा विज्ञान विषयको अध्यापन गराउन लागिएको उहाँको भनाइ छ । अध्ययनका लागि कक्षा १२ मा न्यूनतम २.०१ 'सी' जिपिए प्राप्त र विज्ञान विषय लिएर पढेको वा विज्ञान सङ्कायमा अध्ययन गरेका विद्यार्थीले आवेदन दिनसक्ने क्याम्पसले जनाएको छ ।

स्थानतक तहमा कम्प्युटर र सूचना प्रविधि विषयमा धवलागिरिमै पहिलोपटक म्याग्दी क्याम्पसले अध्यापन गराउन लागेको क्याम्पसका निमित्त क्याम्पस प्रमुख श्रीधर सुवेदीले जानकारी दिनुभयो । यस वर्ष ३५ जनाको कोटा रहेकामा अहिलेसम्म १२ जना सम्पर्कमा आइसकेका र यही फागुन १० गतेसम्म नियमित तथा फागुन १५ गतेसम्म दोब्बार दस्तुर तिरेर आवेदन दिन सकिने उहाँले बताउनुभयो। अध्ययन गर्न आउने विद्यार्थीलाई सुविधासम्पन्न छात्राबास भएकाले रोजगारमा कार्यरत र बाहिर जिल्लाबाट अध्ययनका लागि आउनेले समेत आवेदन दिएर भर्ना हुन सक्नेछन्। आठ सेमेस्टरमा चारवर्षे शैक्षिक कार्यक्रममा विद्यार्थीलाई सैद्धान्तिक विषयसँगै प्रयोगात्मक अध्ययन अध्यापन गराइने क्याम्पसले जनाएको छ ।

विश्वविद्यालय अनुदान आयोगबाट (क्युएए) को प्रमाणपत्र प्राप्त क्याम्पसले यस अगाडि व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहको पठनपाठन गर्दै आएको छ भने शिक्षा र मानविकी विषयमा स्नातकोत्तर तहको पठनपाठन गराउने तयार ीसमेत गरेको छ । क्याम्पस सञ्चालक समितिले क्याम्पसको भौतिक तथा शैक्षिक व्यवस्थापन र थप प्रभावकारी बनाउन विभिन्न उपसमिति गठन गरी कार्यविधि बनाएर अघि बढेको सञ्चालक समितिका उपाध्यक्ष दिपेन्द्र श्रेष्ठले जानकारी दिनुभयो । विसं २०४८ पुस १८ गते स्थापना भएको म्याग्दी बहुमुखी क्याम्पसमा हाल प्लस टु र स्नातक तहमा शिक्षा, मानविकी र व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तहको पढाइ हुँदै आइरहेको छ । यहाँ करिब एक हजार ३०० विद्यार्थी अध्ययनरत छन् ।

# झिलीमिली गाउँलाई केन्द्रीय विद्युत्को आश !

**पोखरापत्र संवाददाता**
**बलेवा, ६ फागुन**

तमान गाउँका बीचैमा रहेको धनगौज्योति माध्यमिक विद्यालयमा रातभरि बत्ती बल्छ । विद्यालयको सुरक्षाका लागि बलेको बत्तीले तमानगाउँको शोभा बढाउँछ । झिलीमिली छ विद्यालय, सहरमा तिहार आएजस्तै । आसपासमा रहेको गाउँले पनि अँध्यारो महसुस गर्न नपरेको धेरै वर्ष भयो ।

जिल्लाको तमानखोला गाउँपालिका-३ तमानगाउँमा रहेको सो विद्यालयलाई नत मिटरमा उठ्ने अङ्कले महसुलको बोझ बढाउँला भन्ने छ, नत बेला बेलामा काटिने बत्तीको सास्ती । केन्द्रीय प्रसारण लाइन नपुगेको तमानगाउँ आफ्नै बलबुताले निकालेको विद्युत्को भरमा झिलीमिली छ । गाउँका सरकारी कार्यालयदेखि विद्यालयले पनि सुविधाजनक विद्युत् प्रयोग गरेका छन् ।

तमानगाउँ मात्रै होइन, तमानखोलाका छवटै वडामा चाहिने बेला पर्याप्त विद्युत् छ । विसं २०५६ मा तमानखोला लघुजलविद्युत् परियोजना निर्माण थालेपछि त्यसको केही वर्षमा नै तमानखोलावासीले बत्ती पाएका हुन् । तमानखोला, खुङ्खानीखोला, बोंगाखोला र स्याउलाखोलाको पानी यहाँका सर्वसाधारणले प्रयाप्त प्रयोग गरेकाछन्। एकसयकिलोवाटसम्म क्षमता भएका ११ लघुजलविद्युत् आयोजना तमानखोला गाउँपालिकामा सञ्चालनमा छन् । यिनै आयोजनाबाट उत्पादित विद्युत् तमानखोलाका दुई हजार बढी घरमा बल्ने गरेको छ । "ठूलो व्यवसाय गरौंला भएन, बत्ती बाल्न खोलाको बिजुलीले पुगेकै छ", तमानखोला-२ केटेरीका स्थानीय चूडामणि छन्त्यालले भन्नुभयो, "केन्द्रीय लाइन कुर्नेले भन्दा हामीले पहिले बिजुली बालेको हो ।" विद्युत्बाट भल्ने फ्रिज, हिटर, स्त्रीलगायतका साधनको प्रयोग गर्न भने नपाएको गुनासो स्थानीयको छ ।

यहाँका स्थानीयले सरकार र विभिन्न दाता संस्थाबाट परियोजनाका लागि आवश्यक उपकरण ल्याएका हुन् । एक महिनादेखि वर्ष दिनसम्म पानी लैजाने कुलो बनाउनेदेखि विद्युतीकरणका लागि पोल तार बोक्नेसम्मका काममा श्रमदान सर्वसाधारणले गरेका थिए । "पहिले दुःख धेरै गरेको हो, अहिले सुखले बत्ती बाल्न पाइएको छ", स्थानीयवासी मनबहादुर बुढाथोकीले भन्नुभयो, "बिजुली नभएर समस्या छैन, झिलीमिली छ हाम्रो गाउँ ।" लघुजलविद्युत् आयोजनाको विद्युत् प्रयोग गरेबापत सर्वसाधारणले सामान्य शुल्क तिर्छन् । केही आयोजनाले दामासाहीले बत्तीको पैसा उठाउँछन् भने केहीले मिटर पनि जोडेका छन् । समुदायले नै बनाएको समितिले उठाएको विद्युत्को महशुल उत्पादनगृहमा काम गर्ने कर्मचारीको पारिश्रमिक भुक्तान गरेर बाँकी रकम समुदायकै विकासमा खर्च गर्छ । आयोजनाको मर्मतका लागि पनि महशुलकै रकमले पुग्छ । गाउँपालिकाले केन्द्रीय प्रसारण लाइनका लागि पनि प्रयास गरिरहेको छ । पाँच वर्षअघि जनप्रतिनिधि आएदेखि प्रयास थाले पनि तमानखोलामा केन्द्रीय विद्युत् विस्तार गर्न नसकिएको अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । "विद्युत् त सबै घरमा बलेकै छ, पावरहाउसबाट टाढा पर्ने घरमा मधुरो पनि बल्छ", बुढाले भन्नुभयो, "हामीले केन्द्रीय लाइन विस्तारका लागि पहल गरेका छौं, तर विद्युत् प्राधिकरणले काम गर्दैन् ।" स-सानै भए पनि उद्योगधन्दा चलाउन, विद्यालयमा कम्प्युटर ल्याब, स्वास्थ्य संस्थामा प्रयोगशाला चलाउनका लागि यहाँका विद्युत् गृहले उत्पादन गर्ने विद्युत्ले नपुग्ने उहाँले बताउनुभयो ।

"हरेक वर्ष बजेट आउँछ, योजना पनि छ तर सम्बन्धित निकायले काम नगरि नहुँदो रहेछ", अध्यक्ष बुढाले भन्नुभयो, "हाम्रा आयोजना दश वर्ष पूरा भइसके, धेरैको मर्मत गर्नुपर्ने अवस्था छ, अब विस्तारै साना आयोजना विस्थापित हुन्छन् ।"

# ठाडो भाका र बत्ती कर्पुटारका विशेषता

**–वासुदेव पौडेल**
**गण्डकी, ६ फागुन**

'कता गयो देउबहादुर दुरा
शून्य भयो कर्पुटार बजार'

पश्चिम नेपालमा ठाडो भाकाका गीत निकै लोकप्रिय छन् । लोकसाहित्यअन्तर्गतको महत्वपूर्ण विधाका रूपमा रहेको ठाडा भाकाका गीत पश्चिम नेपालको पहिचान हो । यही ठाडो भाकाको उद्गमस्थल लमजुङ जिल्लाको मध्यनेपाल नगरपालिका वडा नं ७ कर्पुटारले चासो र चर्चा कमाएको छ ।

धार्मिक महत्वको मध्यनेपाल - ७ स्थित इशानेश्वर महादेव मन्दिरको १०० मिटर उत्तरमा रहेको गौरीकुण्डको २० मि पूर्व टारी डिलको भिरालो परेको थुम्का कर्पुटारस्थित ईशानेश्वर महादेव मन्दिरमा शिवरात्रि मेलाका दिन रातभर बसेर ठूलास्वाँराका देउबहादुर दुराले ठाडो भाकामा पहिलो पटक गीत गाउनुभएको थियो । पछि ठाडो भाकामा विभिन्न गायकले विशेष योगदान गर्नुभएको थियो ।

शिवरात्रिमा बत्ती बाल्ने क्रममा लमजुङ नेटाका देउबहादुरले विसं १९५० का दशकमा पहिलो पटक करापुटारमा ठाडो भाका गाएकाले यसको गरिमामय इतिहास छ । सात दिन सात रातसम्म पनि गीत गाउन सक्ने ठाडो भाकाका नायक उहाँको नामसँग जोडेर अहिले पनि मानिसहरू गाउँछन्-

'माइत जाँदा कुरौनी पाहुर,
गयो क्यारे देउबहादुर लाहुर',
'देउबहादुर दुरा करापुटार झर्‍यो,
बूकी फूल लाउँदै लाउँदै'

यो भाका अहिले लमजुङ, गोरखा, तनहुँ, कास्की तथा स्याङ्जा जिल्लामा प्रचलित छ । यसमा केही स्थानीय भेद पनि छन् । कर्पुटारमा गाइएको भाकाको उद्गमस्थल लमजुङको कर्पुटार मुख्य थलो भएकाले यसलाई कर्पुटारे भाका वा लमजुङे भाका भन्नुपर्ने भए पनि पछि त्यो नभनी ठाडो भाकाका रूपमा लिइएको लोकसाहित्यका अनुसन्धाता प्रा डा कुसुमाकर न्यौपानेले बताउनुभयो । "लमजुङको कर्पुटारबाट सुरुभएका कारण यसलाई कर्पुटारे भाकाका रूपमा लिइनुपर्छ", उहाँले भन्नुभयो । "कर्पुटारमा लाग्ने महाशिवरात्रि मेलामा सुरु गरिएको यो भाकाका गीत अहिले पछिल्लो पुस्ताले पनि गाउने गरेका छन् ।"

'शिवरात्रि कर्पुटार,
चैतेदसैं बागलुङ बजार'

ठाडो भाकाको यस्तो गीत अन्त्यानुप्रास मिलाएर गाउनुपर्छ । सो गीतका टुक्का प्रायः प्रकृतिसँग जोडिएर माया र पीरतिमा टुङ्गिने गर्छन् । सो भाकामा गाउँका, दुःख, विरह, वेदना, कुण्ठा, प्रेम, समाज, वातावरण, समसामयिक घटना, इतिहास, सामाजिक परिवेशलगायत विषय समेटेर गाउने गरिन्छ । अन्य दोहरी गीतभन्दा उर्वर मानिने ठाडो भाकालाई स्थानीयवासीले दिनभर काम गरेर थाकेका बेलामा चौतारीमा बसेर मनलाई हलुङ्गो बनाउने माध्यमका रूपमा पनि लिने गरिएको छ । प्राचीनकालदेखि मेलापात र गाईवस्तु चराउँदा मनोरञ्जनका लागि गाइने ठाडो भाकामा पछिल्ला वर्ष दोहोरी गीत आउने क्रम पनि बढ्दै गएको छ ।

शिवरात्रिका अवसरमा गाइने ठाडो भाकासँगै सन्तानोत्पत्तिको कामना गर्दै बालिने ठाडो बत्ती कर्पुटारको अर्को सांस्कृतिक मौलिकता हो । सो अवसरमा दिनभर निराहार व्रत बस्ने र रातभर उभिएर ठाडो बत्ती बाल्दा सन्तान प्राप्ति हुन्छ भन्ने जनविश्वासका कारण प्रत्येक वर्ष शिवरात्रिमा यहाँ देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् । सन्तान जन्मेपछि सन्तान लिएर दर्शनार्थी मन्दिरमा पुग्ने गरेका छन् । शिवरात्रिमा वर्षेनी एक हजारभन्दा बढी भक्तजन उठेर बत्ती बाल्छन् । उक्त क्रममा ठाउँठाउँमा भजन कीर्तनसँगै ठाडो भाकाका गीत गाउने गरिन्छ ।

'सन्तानेश्वर महादेव' मन्दिरमा आफ्नासन्ततिको दीर्घायुको कामना गर्दै बत्ती तथा लाखबत्ती बाल्नेको समेत शिवरीत्र मेलामा भिड लाग्ने गरेको स्थानीय चन्द्रज्योति आमा समूहका सल्लाहकार सरस्वती सोतीले जानकारी दिनुभयो । शिवरात्रिमा सहभागी बन्नेहरू उक्त दिन सबेरै नजिकैको मादी नदीमा स्नान गरी मन्दिरमा गाईको दूध एवं बेलपत्र चढाउँछन् । त्यस अवसरमा पुराण वाचन, रुद्री पाठ, सामूहिक व्रतबन्धका साथै विवाह गर्ने गरिएको छ । मादी र मिदिम नदीका किनारमा रहेको फराकिलो फाँटमा रातभर ठाउँठाउँमा भजन कीर्तनसहित बत्ती बालिएको दृश्यले जो कोहीलाई लोभ्याउने गर्छ । शिवरात्रि मेलाका साथै एकादशी, औँसी, पूर्णिमा, सङ्क्रान्तिलगायत तिथिमा पनि भारतसहित देशका विभिन्न जिल्लाबाट बत्ती बाल्न भक्तजन आउने गरेका छन् ।

ईशानेश्वर महादेवको उत्पत्ति एवं उत्खननका सन्दर्भमा हिन्दू धर्मग्रन्थका विभिन्न पुराणमा उल्लेख गरिएको मन्दिरका पुजारी परशुराम सोतीले बताउनुभयो । हिन्दू धर्मशास्त्रको 'स्वस्थानी व्रतकथा'मा महादेवले सतीदेवीको मृत शरीर बोकी पृथ्वी भ्रमण गर्ने क्रममा महेन्द्रगिरिमा पुग्दा दाहिने तिघ्रा पतन भएको उल्लेख छ । महेन्द्रगिरि हालको ईशानेश्वरस्थित चिसंकुलाई भनिएको संस्कृतिविद् बताउँछन् । त्यसपछि ईशानेश्वरमा इन्द्राक्षीदेवी, अर्द्धगामिनी, योगिनी र तारकेश्वर महादेव उत्पन्न भएर शिवशक्तिका स्वरूपमा रहेको धार्मिक विश्वास लिइएको छ । कथानुसार त्यहीँ आएर लक्ष्मी आई नाना द्रव्य चढाएर सेवा गरेको र कार्तिक कृष्ण अमावस्याको दिन सम्पूर्ण लोकले आफूलाई पूजा गरी सम्मान गरून् भनी वरदान मागेकामा ईश्वरी प्रसन्न भई 'तथास्तु' भनेर वरदान दिएको धार्मिक किंवदन्ती छ ।

पुजारी परशुरामका अनुसार आजभन्दा छ शताब्दीअघि एक किसानले धानको बीउ राख्न हल गोरु लिएर जोत्न जाँदा फालीको टुप्पाले शिवलिङ्ग स्वरूपको शिला जोतिएर रगत बगेको र गोरुसहित उनी जलेर मरेको किंवदन्ती छ। उक्त समयको गोरुको सिङ अझै पनि मन्दिरमा सुरक्षित राखिएको पुजारी परशुरामले जानकारी दिनुभयो । धार्मिक तथा ऐतिहासिक महत्वलाई पहिचान गरी तत्कालीन गोरखाका निःसन्तान राजा कृष्ण शाहले शक संवत् १४१४ मा आफ्ना सीपयुक्त पल्टन प्रयोग गरी हाल रहेको मन्दिर निर्माण गरेको उल्लेख छ । पछि उनलाई पुत्रलाभ भएको र छोराको नाम शिवरूप सम्झेर रुद्र शाह राखिएको भनाइ छ ।

लमजुङका राजा वीरनारायण शाहद्वारा शिवरात्रिमा दर्शन गर्न आउने फकिर, फुकुरा एवं जोगीलाई खानपान तथा आवास व्यवस्था गर्न सातबीस मुरी खेतको सनद र सदावर्त गुठीको व्यवस्था गरिएको पाइन्छ । शिलालेखमा उल्लेख नभए पनि विसं १८१८ मा हरिनारायण पोखरेलका भानिज कल्याण घिमिरेका पाँचौं पुस्ताका सन्तान हरिनारायणद्वारा पुजारी गुठी ६० मुरीसहित कपिलमणि सोतीलाई महादेवका पाँच मुखमध्ये ईशानकोणमा अवस्थित 'तारकेश्वर' मन्दिरको पुजारी नियुक्त गरिएको सोती वंशावलीमा उल्लेख छ । हाल उनका सन्तान, दरसन्तानबाट नै नित्य पूजा हुँदै आएको छ ।

दैनिक पूजा सञ्चालन गर्न सोतीहरू संलग्न पुजारी व्यवस्थापन समिति बनाइएको अर्का पुजारी गोविन्दप्रसाद सोतीले बताउनुभयो । प्रत्येक वर्ष महाशिरात्रिपछि पुजारीको जिम्मेवारी हेरफेर गर्ने प्रचलन छ । यस वर्ष पूजाआजाको व्यवस्थापन तीन जनाले गर्दै आउनुभएको छ । प्रत्येक महिना १ देखि १० सम्म परशुराम, ११ देखि २० सम्म चन्द्रमणि र २१ देखि ३० गतेसम्म गोविन्दप्रसाद सोतीले पूजा गर्दै आउनुभएको छ । पुजारीले गुठी उपभोग गरी पूजा कर्म सञ्चालन खर्च जुटाउँछन् । महादेवलाई सामूहिक आस्थाको केन्द्र मानेर हरेक वर्ष वैशाख १ र कात्तिक १ गते गाउँलेले बाजागाजासहित सामूहिक रुद्री पूजा गर्ने परम्परा छ । ईशानेश्वर क्षेत्रलाई धार्मिक पर्यटनका केन्द्र बनाउन लागिएको छ । यस क्षेत्रमा एक सय आठ धारा निर्माण गर्ने गरी काम अघि बढेको छ । भक्तजनबाट आउने दान दक्षिणा तथा बेलाबखत लगाइने महायज्ञको बजेटबाट आठ रोपनी जग्गा खरिद गरेर केही पूर्वाधार बनाइएको छ । सो क्षेत्रलाई धार्मिक पर्यटनको केन्द्र बनाउन गण्डकी प्रदेश सरकारले अघिल्लो वर्ष रु ५० लाख सहयोग गरेको समितिका अध्यक्ष रामचन्द्र घिमिरे शास्त्रीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त रकमबाट धर्मशाला निर्माण गर्न लागिएको छ । चौबिसकोठे धर्मशाला निर्माणको लक्ष्य भए पनि हाल आठ कोठा निर्माण भइरहेको छ । प्रदेश सरकारले यस वर्ष रु दुई लाख मात्र विनियोजन गरे पनि क्रमागत रूपमा बजेट दिने आश्वासन प्राप्त भएको उहाँको भनाइ छ ।

ईशानेश्वर महादेव मन्दिरको पुनःनिर्माण गरिएको छ । विसं २०७२ वैशाखको भूकम्पले क्षति पुगेको मन्दिरको पुरातत्त्व विभागका सहयोगमा रु एक करोड २० लाख ६८ हजारका लागतमा पुनःनिर्माण गरिएको हो । विसं २०७३ माघ ३० गतेदेखि सुरु भएको पुनःनिर्माण २०७५ मा सम्पन्न भएको छ । मन्दिरमा रु १८ लाख लागतमा एक हजार ५०० किलोग्रामको तामाको छाना प्रयोग गरिएको छ । छाने शैलीमा पुनःनिर्माण गरिएको मन्दिरमा भक्तपुरे इँटाको प्रयोग गरिएको तथा कलात्मक झ्याल, ढुङ्गा राखिएको ईशानेश्वर महादेव क्षेत्र विकास समितिका कार्यालय प्रमुख चन्द्रकिरण घिमिरेले जानकारी दिनुभयो । नवनिर्मित मन्दिरमा झ्याल, ढोका र टुँडालमा कुँदिएका मूर्ति, चित्र र जडान गरिएका इँटा र ढुङ्गाको अध्ययन र विश्लेषणले मन्दिरको प्राचीनतालाई झल्काएको छ । करिब ५० फिट अग्लो र २० फिट चौडा मन्दिरको मध्यभागमा इशानेश्वरको प्राकृतिक शिवलिङ्ग तथा वरिपरि शिवपञ्चायनका मूर्ति छन् । मन्दिरको पूर्व दिशामा एक सय मिटर पूर्व पार्वता र पाँच सय मिटरमा गोमतीका किनारमा गणेश मन्दिर छन् ।

विभिन्न दानदातामार्फत मन्दिर परिसरमा प्राप्त आठ रोपनी जग्गामा विभिन्न पूर्वाधार निर्माण हुने क्रम चलेकामा हाल १०८ धारा निर्माण भइरहेको छ । मध्यनेपाल नगरपालिकाबाट प्राप्त रु ३० लाखभन्दा बढी आर्थिक सहयोगका साथै विभिन्न दाताका सहयोगमा निर्माण अघि बढाइएको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो । नगरपालिकाले मन्दिर वरपरको एक सय मिटरभित्र घर निर्माणमा रोक लगाएको छ । सो क्षेत्रलाई मुख्य केन्द्र बनाएर समग्र नगरपालिकाको धार्मिक पर्यटन विकाससँगै यसलाई समृद्धिको आधार बनाउनका निम्ति नगरपालिकाले प्रयास थालेको छ । यस स्थललाई धार्मिक एवम् सांस्कृतिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सम्भावनालाई उजागर गर्न स्थानीयवासी तथा राज्य सबैको साथ र सहयोग आवश्यक हुने अध्यक्ष घिमिरेको भनाइ छ ।

# कास्कीमा सिनेमा हल र रात्रीकालीन व्यवसाय खुला

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ फागुन**

कास्की जिल्लामा कोरोना संक्रमणमा कमी आएपछि प्रशासनले यसअघि रोक लगाएका व्यवसाथ तथा सेवा सञ्चालनको अनुमति दिएको छ ।

जिल्ला प्रशासन कार्यालयले आज सूचना जारी गरी पछिल्ला दिनमा जिल्लाको संक्रमण दरमा कमी आएकाले यसअघिको आदेशमा सञ्चालन रोक लगाइएका व्यवसायलाई स्वास्थ्य मापदण्डको पालना गर्ने गरी खुला गरिएको जनाएको हो ।

प्रशासनले सिनेमा हल, हेल्थ क्लब, जिमखाना, स्वीमिङ पुल, फुटसल, पटके बजार, स्पा सेन्टर र व्यूटीपार्लरलगायत पेशा व्यवसाय खोल्न अनुमति दिएको हो । यसैगरी डान्सबार, दोहोरी, नाचघर, क्लब र रेष्टुरेण्टलगायत रात्रीकालीन व्यवसाय तोकिएका स्वास्थ्य सुरक्षा मापण्ड पालना गरी राति १२ बजेसम्म सञ्चालन हुने गरी खुला गरिएको प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले जानकारी दिनुभयो ।

उहाँका अनुसार जिल्ला कोभिड-१९ संकट व्यवस्थापन समितिको आजको बैठकले जिल्लामा थप सेवा तथा व्यवसाय सञ्चालन गर्ने सक्ने गरी अनुमति दिने निर्णयानुसार रात्रीकालीन व्यवसाय खुला गरिएको हो । कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोन सहितको संक्रमण रोकथाम तथा नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन भन्दै प्रशासनले गत पुस अन्तिम सातादेखि जिल्लामा निषेधाज्ञाको आदेश जारी गरेको थियो ।

पछिल्लो समय कोरोना घट्दै गएपछि गत फागुन १ गतेदेखि विद्यालयमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्न प्रशासनले अनुमति दिएको थियो ।

# ४३७ संक्रमित थपिए, दुईको मृत्यु

**रासस**
**काठमाडौं, ६ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ४३७ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ भने थप दुई जनाले ज्यान गुमाएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय नौ हजार ९१ को परीक्षण गर्दा उक्त संख्यामा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा सपीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या नौ लाख ७५ हजार १३२ पुगेको छ ।

एन्टिजेन परीक्षण गर्नेको संख्या एक लाख ३८ हजार ४१२ रहेको छ । पछिल्लो समय थप दुई हजार ४५४ जना संक्रमणमुक्त भएका छन् । योसँगै भाइरस संक्रमणमुक्त हुनेको संख्या नौ लाख ४८ हजार ७८४ पुगेको छ ।

यो दर ९६ दशमलव ३ प्रतिशत रहेको पनि मन्त्रालयले जनाएको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९१३ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप दुई जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ । यस रोगबाट हुने मृत्यु दर १.२ प्रतिशत रहेको छ ।

त्यसैगरी पछिल्लो समय एक लाख २४ हजार ८६७ ले खोप लगाएको पनि मन्त्रालयले जानकारी दिएको छ । हाल सक्रिय संक्रमितको संख्या १४ हजार ४३५ रहेको छ । अहिले होम आइसोलेशनमा १३ हजार ८२८ रहेका छन् । त्यसैगरी संस्थागत आइसोलेशनमा ६०७ आइसीयुमा १४४ र भेन्टिलेटरमा २३ जनाले उपचार गराइरहेका छन् ।